नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.:-२०८१/०८२

चलानी नं. २२२

मिति २०८१/९/१४

नेपाल संवत ११४५

श्री शहरी विकास मन्त्रालय, सिंहदरवार काठमाडौ ।

श्री उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, सिंहदरवार काठमाडौ ।

श्री जिल्ला समन्वय समितिको कार्यालय सबै ।

श्री स्थानीय तह (सबै) ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय सबै ।

बिषय: आवश्यक कार्यवाही सम्वन्धमा ।

प्रस्तुत विषयमा साबिक जिल्ला बिकास समितिमा स्थायी नियुक्ति लिई समायोजन ऐन, २०७५ अनुसार स्थानीय तहमा समायोजन भई अवकाश हुने वा भएका कर्मचारीहरु तथा सोही ऐनको दफा ६ बमोजिम अन्य सेवाबाट विभिन्न स्थानीय तहमा समायोजन भई अवकाश भएका कर्मचारीहरुको अवकाश पछिको सेवा/सुबिधा सम्बन्धमा नेपाल सरकार मन्त्रिपरिषदबाट मिति २०८१/९/९ गते भएको निर्णय आवश्यक कारवाहीको लागि पठाईएको व्यहोरा अनुरोध छ ।

२०८१/०९/१४

(हरि प्रसाद पौडेल)

शाखा अधिकृत

वोधार्थः

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरवार काठमाडौ ।

श्री सूचना प्रविधि शाखा, जि.स.स.(सबै), तथा स्थानीय तह (सबै) को website मा Upload गरिदिनु हुन ।

श्री सचिव,
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय।

साविक जिल्ला विकास समितिको कार्यालयमा नियुक्ति भएका कर्मचारीको सेवा निवृत्त सुविधाको रकम भुक्तानी गर्ने विषयको सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको दर्ता नं. १९/४८-०८१/९/९ को प्रस्ताव म.प.बै.सं. ४८/०८१ मिति २०८१/९/९ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा त्यसमा नेपाल सरकार, मन्त्रिपरिषद्ले देहायबमोजिम निर्णय गरेकाले सोबमोजिम कार्यान्वयन हुन नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को नियम [illegible] बमोजिम अनुरोध गरेको छ–

<u>नेपाल सरकारको निर्णय</u>–

"प्रस्तावमा लेखिएबमोजिम गर्ने।"

(एकनारायण अर्याल)
मुख्यसचिव
२०८१/९/९
नेपाल संवत ११४५

नेपाल सरकार

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

विषयः साबिक जिल्ला विकास समितिको कार्यालयमा नियुक्ति भएका कर्मचारीको सेवा निवृत्त सुविधाको रकम भुक्तानी गर्ने।

प्रस्ताव पेश गर्न विभागीय मन्त्रीबाट स्वीकृति प्राप्त मितिः २०८१/९/१

१. विषयको सङ्क्षिप्त व्यहोराः

स्थानीय स्वायत्त शासन नियमावली, २०५६ बमोजिम साबिकको जिल्ला विकास समितिमा स्थायी नियुक्ति लिई अवकाश भएका कर्मचारीको सेवा निवृत्त सुविधाको रकम साबिकको जिल्ला विकास समितिमा रहेको कर्मचारी कल्याण कोषबाट व्यहोर्ने प्रावधान रहेको थियो। उक्त कोष हालको जिल्ला समन्वय समितिमा रहेको छ। विभिन्न समयमा भएको तलब वृद्धि तथा राज्यको पुनर्संरचना पश्चात जिल्ला समन्वय समितिको परिवर्तित भूमिकाको कारण केही जिल्ला समन्वय समितिमा रहेको कर्मचारी कल्याण कोषमा पर्याप्त रकम नभई सेवा निवृत्त भईसकेका कर्मचारीहरूमध्ये २०७७ असार मसान्तभित्र अवकास भएका कर्मचारीको उपदान, सञ्चित विदा र औषधि उपचारको रकम नेपाल सरकारबाट भुक्तानी गर्ने भनी नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०७९/१/१३ मा निर्णय भई सोहिबमोजिम भुक्तानी भइरहेकोमा मिति २०८० पुष महिनापछि भुक्तानी हुन सकेको छैन। साबिक जिल्ला विकास समितिको कार्यालयमा कार्यरत कर्मचारीहरू कर्मचारी समायोजन ऐन,२०७५ बमोजिम विभिन्न गाउँपालिका र नगरपालिकामा समायोजन भएका छन्। यसरी समायोजन भएका कर्मचारीहरू नियमानुसार सेवा निवृत्त हुँदा भुक्तानी गर्नुपर्ने रकम सरकारको अनिवार्य दायित्वको विषय भएकोले नेपाल सरकारले भुक्तानी दिनु पर्ने हुन्छ। साबिकको स्थानीय स्वायत्त शासन नियमावली, २०५६ बमोजिम जिल्ला समन्वय समितिको कार्यालयमा रहेको कर्मचारी कल्याण कोषबाट रकम नपुग भएको वा कोषमा रकम मौज्दात नरहेको अवस्थामा साबिकको जिल्ला विकास समितिको कुनै पनि कोष वा अन्य विविध खातामा रकम मौज्दात भए सोबाट भुक्तानीको व्यवस्था गर्ने र कुनै कोष वा खातामा रकम नभएमा वा अपुग भएमा अर्को कानूनी व्यवस्था नभएसम्मका लागि नेपाल सरकारले उपलब्ध गराउने सम्बन्धमा नीतिगत निर्णय गर्न यो प्रस्ताव तयार गरिएको छ।

२. प्राप्त परामर्श तथा अन्य प्राशङ्गिक कुराः

साबिक जिल्ला विकास समितिमा स्थायी नियुक्ति भई कार्यरत कर्मचारीहरू सङ्घीयता कार्यन्वयन पश्चात समायोजन ऐन, २०७५ अनुसार विभिन्न गाउँपालिका र नगरपालिकामा समायोजन भई कार्यरत रहेका छन्। कर्मचारी समायोजन ऐन, २०७५ को दफा १५ को उपदफा २ मा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि सङ्घ, प्रदेश र स्थानीय तहका कर्मचारीको सेवा, शर्त र सुविधासम्बन्धी कानून नबनेसम्मको लागि यस ऐन बमोजिम समायोजन हुने कर्मचारीको सेवा, शर्त र सुविधासम्बन्धी व्यवस्थाहरू समायोजन हुनु पूर्वको सेवा, शर्त र सुविधाबमोजिम हुनेछ भन्ने व्यवस्था गरिएको छ । सो ऐनबमोजिम हालसम्म कुनै कानूनी व्यवस्था भैसकेको छैन। यस सन्दर्भमा यस्ता कर्मचारीको सेवा निवृत्त सुविधाको लागि अर्थ मन्त्रालयको मिति २०८१/८/२६ को पत्रबाट नेपाल सरकार, मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्ने सम्बन्धमा रायसहितको सहमति प्राप्त भएको छ । साथै नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७९/१/१३ को बैठकबाट प्रत्येक आर्थिक वर्षमा सेवा निवृत्त हुने कर्मचारीको अनुमानित सङ्ख्या र

भरतमणि
सचिव

बजेट एकीन गरी प्रत्येक आर्थिक वर्षमा बजेट विनियोजन गर्ने र अन्य कुरा प्रस्तावमा लेखिएबमोजिम गर्ने निर्णय भएको।

३. प्रस्ताव पेश गर्नुपर्नाको कारण र मन्त्रालयको सिफारिसः

साबिकको जिल्ला विकास समितिमा स्थायी नियुक्ति भई नियमानुसार सेवा निवृत्त हुने कर्मचारीको सेवा निवृत्त सुविधाको रकम भुक्तानी दिने सम्बन्धमा नीतिगत निर्णयका लागि नेपाल सरकार, मन्त्रिपरिषद्मा प्रस्ताव पठाउन विभागीय मन्त्रीबाट मिति २०८१/९/१ मा स्वीकृति प्राप्त भएकोले नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को अनुसूची १ को विषय संख्या ४१ बमोजिम यो प्रस्ताव पेश गरिएको छ।

४. निर्णय हुनुपर्ने व्यहोराः

क) साविक जिल्ला विकास समितिमा स्थायी नियुक्ति भई कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम गाँउपालिका तथा नगरपालिकामा समायोजन भई कानूनबमोजिम अवकाश भईसकेका र अवकाश हुने कर्मचारीहरूको सञ्चित विदा, औषधि उपचार र उपदानको रकम जिल्ला समन्वय समितिमा रहेको साविकको कर्मचारी कल्याण कोषबाट भुक्तानी गर्ने। उक्त कोषमा रकम नभएमा वा भएको रकम नपुग भएमा साविक जिल्ला विकास समितिको सोही प्रकृतिका अन्य कुनै कोषमा रकम मौज्दात भए सोबाट भुक्तानी दिने।

ख) साविक जिल्ला विकास समितिको कार्यालयमा रहेको कर्मचारी कल्याण कोष र सोही प्रकृतिका अन्य कुनै कोषमा रकम मौज्दात भए नभएको विषयमा सम्बन्धित जिल्लाको कोष तथा लेखा नियन्त्रक कार्यालयबाट एकीन गरी रकम नभएमा वा भएको रकम नपुग भएमा नपुग हुने रकम अर्को कानूनी व्यवस्था नभएसम्मका लागि नेपाल सरकारले उपलब्ध गराउने ।

ग) खण्ड (ख) बमोजिमको रकम भुक्तानीको लागि आवश्यक पर्ने रकम एकीन गरी सम्बन्धित जिल्ला समन्वय समितिले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाउने। यसरी प्राप्त विवरण बमोजिम एकमुष्ठ रकम एकीन गरी सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले अर्थ मन्त्रालयसँग निकासा माग गर्ने । सो बमोजिमको रकम अर्थ मन्त्रालयले प्रयोजन खुलाई सम्बन्धित जिल्ला समन्वय समितिको नाममा निकासा पठाउने र कोष तथा लेखा नियन्त्रक कार्यालयले नियमानुसार भुक्तानी गर्ने।

घ) साविक जिल्ला विकास समितिमा कार्यरत बाहेक कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम अन्य सेवाबाट स्थानीय तहमा समायोजन भई भएका कर्मचारीहरूको सेवा निवृत्त सुविधाको हकमा निजहरू कार्यरत रहँदाको अवस्थामा सम्बन्धित सेवा समूह सञ्चालन गर्ने मन्त्रालय वा निकायअन्तर्गत कुनै कर्मचारी कल्याण कोष वा सोही प्रकृतिका अन्य कुनै कोषमा रकम मौज्दात भएमा सोही कोषबाट भुक्तानी गर्ने । त्यस प्रकारको कोष नभएमा वा कोषमा भएको रकम नपुग भएमा त्यसरी नपुग हुने रकम अर्को कानूनी व्यवस्था नहुँदासम्म नेपाल सरकारले उपलब्ध गराउने।

ङ) खण्ड (घ) बमोजिमको भुक्तानीको लागि आवश्यक पर्ने रकम उपलब्ध गराउन सम्बन्धित स्थानीय तहबाट अनुरोध भई आएमा सम्बन्धित विषयगत मन्त्रालयले कर्मचारी कल्याण कोष र सोही प्रकृतिका अन्य कोषमा रकम रहे नरहेको एवं त्यस्तो कोषमा रहेको मौज्दात रकम पर्याप्त भए नभएको एकीन गरी सम्बन्धित स्थानीय तहलाई लेखि पठाउने। स्थानीय तहले भुक्तानीको लागि आवश्यक रकम एकीन गरी विषयगत मन्त्रालयबाट लेखि आएको पत्र समेत संलग्न गरी सम्बन्धित विषयगत मन्त्रालय मार्फत सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाउने। यसरी प्राप्त विवरणको आधारमा सङ्घीय मामिला

तथा सामान्य प्रशासन मन्त्रालयले अर्थ मन्त्रालयसँग आवश्यक रकम माग गर्ने। सो बमोजिमको रकम अर्थ मन्त्रालयले प्रयोजन खुलाई सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा निकाशा दिने। सम्बन्धित स्थानीय तहबाट प्रमाणित विवरणका आधारमा सम्बन्धित व्यक्तिलाई सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयले भुक्तानी दिने ।

मिति: २०८१/९/३

(भरतमणि सुवेदी)
सचिव

नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौ

मितिः २०८१।०९।०

विषयः मन्त्रिपरिषद्मा पेश गर्ने प्रस्ताव सम्बन्धमा ।

श्रीमान् मुख्य सचिवज्यू,
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,

नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णयार्थ यस मन्त्रालयबाट पेश गरिने प्रस्ताव देहायको विवरण तयार गरी सोको Softcopy सहित पठाईएको व्यहोरा अनुरोध छ।

| | |
|---|---|
| पृष्ठभूमि/सहमति /परामर्श | नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ बमोजिम परामर्श लिईएका सम्बन्धित मन्त्रालयबाट प्राप्त परामर्शः नेपाल सरकारलाई आर्थिक दायित्व पर्ने विषय भएको र नेपाल सरकार अर्थ मन्त्रालयबाट राय सुझाव प्राप्त भएको । |
| विश्लेषण पक्ष: | 1. संवैधानिक तथा कानूनी व्यवस्थाः नेपालको संविधानको धारा ३०२ को उपधारा (२) मा सरकारी सेवामा कार्यरत राष्ट्रसेवक कर्मचारीलाई नेपाल सरकारले कानून बमोजिम संघ, प्रदेश र स्थानीय तहमा समायोजन गरी सेवा प्रवाहको व्यवस्था मिलाउन सक्नेछ भन्ने व्यवस्था रहेको। यसै गरी कर्मचारी समायोजन ऐन, २०७५को दफा १६ को उपदफा (२) मा प्रदेश वा स्थानीय तहको सेवामा समायोजन भएको वा खटाईएको सरकारी कर्मचारी कुनै कारणले सेवाबाट अलग भएमा निजले पाउने उपदान, निवृत्तिभरण, उपचार खर्च र सञ्चित विदाको रकम नेपाल सरकारले व्यहोर्नेछ भन्ने व्यवस्था रहेको । |
| | नीति, विकास, योजना, रणनीतिः |
| | कार्यविधि, मापदण्ड र निर्देशिकाः |
| | आर्थिक पक्षः नेपाल सरकारको थप दायित्व पर्ने । |
| | प्रशासनिक पक्षः नेपालको संविधानमा भएको व्यवस्था तथा नेपाल सरकार र स्थानीय तहको मौजुदा प्रशासनिक संरचनाबाट कार्यान्वयन गर्न सकिने । |
| | राष्ट्रिय परिवेश र अन्तरसम्बन्धित क्षेत्रमा पर्ने प्रभावः नेपालको संविधान, कर्मचारी समायोजन ऐन, २०७५ अनुसार स्थानीय तहको सेवामा समायोजन भएको वा खटाईएको सरकारी कर्मचारी कुनै कारणले सेवाबाट अलग भएमा निजले पाउने उपदान, निवृत्तिभरण, उपचार खर्च र सञ्चित विदाको रकम उपलब्ध गराउन सकारात्मक प्रभाव पार्ने । |
| यसपूर्व भएको निर्णय | प्रस्तावः<br>स्वीकृत मितिः २०७९/०१/१३<br>कार्यान्वयन अवस्थाः कार्यान्वयन रहेको । |
| कार्यान्वयन योजना | नेपाल सरकार (मन्त्रिपरिषद्) बाट नीतिगत निर्णय भए पश्चात नेपाल सरकारबाट कार्यान्वयन हुने । |

| (तुलसी भट्टराई)<br>उपसचिव<br>तयार गर्ने | (प्रकाश दाहाल)<br>सहसचिव<br>परिमार्जन गर्ने | (भरतमणि सुवेदी)<br>सचिव<br>प्रमाणित गर्ने |
|---|---|---|